बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

पशु सेवा कार्यालय

सिन्धुली

(कार्यक्षेत्र:- सिन्धुली र रामेछाप)

समुदायमा आधारीत एक वडा एक कृषि उत्पादन कार्यक्रम संचालन सम्वन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/०८

पशु सेवा कार्यालय, सिन्धुलीको आ.व. २०८१/०८२ मा स्वीकृत बार्षिक कार्यक्रम अनुसार समुदायमा आधारित "एक वडा एक उत्पादन" कार्यक्रम संचालनका लागि यस कार्यालयको कार्यक्षेत्र सिन्धुली र रामेछाप जिल्लाको बिभिन्न स्थानीय तहहरुमा तपसिल अनुसारको कार्यक्रम स्वीकृत रहेको हुँदा तोकिएको क्षेत्र भित्रका इच्छुक कृषक समुह/सहकारीहरुले यो सूचना प्रकाशित मितिले २१ दिन (२०८१/११/२९ गते) भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र पशु सेवा कार्यालय सिन्धुली र पशु सेवा केन्द्र रामेछापमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरुलाई कार्यक्रममा सहभागी गराउन नसकिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

क्र.स	कार्यक्रम संचालन हुने स्थानिय तह	छनौट भएका वस्तु	आवश्यक कागजातहरु:
१	दुधौली न.पा.-२ सिन्धुली	भैंसिपालन	१. रु.१० को हुलक टिकट टास गरेको निवेदन। ३. कार्यक्रम संचालनको लागि गरिने प्रमुख क्रियाकलप तथा अनुमानित लागत ढाँचा अनुसारक प्रत्येक सदस्यहरुको संग्लन्न राखे। ४. स्व-घोषणा पत्र। ५. समुह/सहकारीको निर्णय र प्रत्येक सदस्यहरुको नागरिक्ताको प्रतिलिपी ६.नयाँ समुह/सहकारी गठन र संस्था दर्ता गरी समयमा भित्र आवेदन दिन सकिनेछ । ७. संस्था दर्ता/पान (स्थायी लेखा नं.)/भ्याट/ आ.व.२०८०/०८१ को लेखापरिक्षण/कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी। ८. समुह/सहकारीमा कम्तिमा २५ जना वा सो भन्दा बढी सदस्य हुनुपर्ने र कार्यक्रम निरन्तरता भएको क्रममा सदस्य थप गर्दै लैजान सकिनेछ। ९. जग्गाको लालपूर्जा र जग्गा भाडामा भए कम्तिमा १० बर्षको करार नामा सम्झौता पत्रको प्रतिलिपी। १०. स्थानिय तहको सिफारिस पत्र।
२	फिक्कल गा.पा.-१ सिन्धुली	बाखापालन	
३	रामेछाप न.पा.-४ रामेछाप	बाखापालन	
४	सुनापति गा.पा.-५ रामेछाप	बाखापालन	

नोट: सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ९८५४०४१७८५ मा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ। साथै कार्यक्रमको कार्यविधिहरु यस कार्यालयको वेवसाईट vetsindhuli.bagamati.gov.np बाट डाउनलोड गरि हेर्न सकिने जानकारी गराईन्छ ।

नवराज थापा
पशु चिकित्सक (आठौं)
नि. कार्यालय प्रमुख